# हितोपदेशको पुस्तक
# (Book of Proverbs)

लेखक:
जाक डौखान
**(Jacques Doukhan)**

भावानुवादक

**भजुराम तखाछेँ श्रेष्ठ**

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च
नेपाल सेक्सन
नेपाल

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग
प्रथम संस्करण : २०७१-७२ (ई.सं. २०१४-२०१५)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
**सुजीत कुमार साह**
प्रुफरिडिङ्गः **सुमित्रा लामिछाने**
**प्रकाशक:** पा. उमेश कुमार पोखरेल,
अध्यक्षः नेपाल सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट चर्च ६६३७१८१,
ईमेल ठेगाना umesh.shantipokharel@gmail.com>
**नेपाल सेक्सन पब्लिशिङ्ग निर्देशकः पास्टर कुमार अधिकारी**
**एल्डर राकेश लामिछानेः कोषाध्यक्ष, नेपाल सेक्सन**
सम्पर्कः- पास्टर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० **bhajupurna@gmail.com**
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उद्दृध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्दृध गरिएका छन्।

# भूमिका

## बुद्धिमानका वचनहरू

बाइबलका धेरै पुस्तकहरूमा गहिरो सत्य तथा आत्मज्ञानले भरिएका छन्। तर दैनिक जीवन यापन गर्न चाहिने बुद्धिज्ञान, अर्ती तथा सरसल्लाहले हितोपदेशको पुस्तक भरिएको छ।

प्रत्येक मानिसको निम्ति चाहिने छोटो, ज्ञानबुद्धि र कहिलेकाहिँ हँसाउने खालका मुक्तकहरूले हितोपदेशको पुस्तक भरिएको छ। यसमा भएका वचनहरू कण्ठ गर्न सजिला छन्। त्यहाँ भएका विषयवस्तुहरू राम्रोसँग स्पष्ट रूपले औंल्याइएका छन्। कहिलेकाहिँ ठूला ठूला भाषण र तर्कहरूभन्दा यस पुस्तकमा व्यक्त गरिएका मुक्तकहरू बढी उपयोगी सावित भएका छन्।

(परमेश्वरको राज्य खोजिरहेका भन्दै परजीवि मानसिकता भएका मानिसहरूलाई) हितोपदेशमा यसरी सल्लाह लेखिएको छ "हे काम गर्न नचाहने अल्छी मानिसहरू हो, कमिलालाई हेर त! तिनीहरू कस्तो मेहनती छन्, तिनीहरूबाट बुद्धि सिक।" (हितोपदेश ६:६ रूपान्तरित)। वा कुनै मानिस आत्मशान्तिसाथ जिउन चाहन्छ भने उसलाई यो सल्लाह दिन्छः "रिसाउने र कचकच गर्ने महिलासँग (वा पुरुषै किन नहोस्) बस्ने भन्दा मरुभूमि वा जङ्गलमा एक्लै गएर बस्नु उचित हुन्छ" (हितोपदेश २१:१९ रूपान्तरित)। वा येशूसम्मत भएर कोही चल्न चाहन्छ भने उसलाई पनि यो आत्मज्ञान दिन्छ "तिम्रो शत्रु वा प्रतिद्वन्धी भोकै आयो भने उसलाई खान देऊ। ऊ तिर्खाएको छ भने पनि पानी पिउन देऊ। यदि तिमीले त्यसो गर्‍यौ भने उसको टाउकोमा जलिरहेको कोइला वा आगोको भुङ्ग्रोलाई खन्याउने छौ। प्रभुले नै तिमीलाई इनाम दिनुहुनेछ।" (हितोपदेश २५:२१,२२ रूपान्तरित)। त्यस खालका अर्तीहरूलाई कसले बिर्सन सक्छ र?

हितोपदेशको पुस्तकमा पुस्तौं पुस्ताका अर्ती तथा बुद्धिज्ञानहरू समावेश भएका छन्। यस पुस्तकको मानवीय लेखक राजा सोलोमन हुन् (हितोपदेश १:१-९:१८, १०:१-२२:१६, २५:२९), उनको साथै पौराणिक पूर्विय तथा मध्ये पूर्व एशियाका अनामिका ज्ञानी मानिसहरू (हितोपदेश २२:१७-२४:२२, २४:२३-३४) र गैर-यहूदी अगुर (हितोपदेश ३०:१-३०)का अर्तीहरू पनि हितोपदेशमा गाभिएका छन्। राजा हिजकियाको प्रभावलाई पनि हितोपदेशले स्वीकारेको पाइन्छ (हितोपदेश २५:१)। मध्य पूर्व एशियाको सभ्यताको बिचारधाराहरूले पनि यस पुस्तकलाई असर पारेको पाइन्छ। पौराणिक इजिप्ट

अर्थात् मिश्रदेशमा प्रचलित अर्तीहरूले त्यस पुस्तकमा ठाउँ पाइएको देखिएको छ।

तत्कालिन पौराणिक युगका प्रख्यात तथा प्रभावकारी मध्यपूर्व एशिया तथा त्यसका वरिपरिरहेका देशहरूका विभिन्न ज्ञानीहरूका अर्तीहरूलाई हितोपदेशमा समावेश गरिएतापनि यो पुस्तक परमेश्वरको वचन हो। किनभने पवित्र आत्माकै अगुवाइमा विभिन्न लेखकहरूका उपयुक्त अर्तीहरूलाई उक्त पुस्तकले एकत्रित पारेको छ। ती लेखहरूमा "परमेश्वर" भनेर बिरलै सम्बोधन गरिएको छ। तर उहाँको उपस्थित त्यहाँ सदासर्वदा थियो। हामी चाहे कुनै शहर बजारमा होऔं, बोलौं, खाऔं, पियौं, काम गरौं, किनबेच गरौं वा जे गरौं परमेश्वरको उपस्थिति त्यहाँ भइरहन्छ। हितोपदेशमा आभास् दिएका परमेश्वर  केवल धार्मिक व्यक्ति भनेर चिनारी गरिएको छैन। परमेश्वर वा परमेश्वरीय स्वभाव तथा गुणहरूलाई ती पदहरूमा प्रत्येक मानिसको निम्ति व्यवहारिक पोशाक लगाइ दिएका छन्।

परमेश्वरको भय मान्नु भनेको के हो भनेर हितोपदेशले सिकाउँछ। भय भन्नुको अर्थ त्रास नभएर उहाँप्रति श्रद्धा, प्रेम र हृदयदेखि नै गदगद भएर उहाँका वचनहरू शिरोपर गरेर हिँड्नु हो (हितोपदेश १:७, ३१:३०)। परमेश्वरप्रतिको आदरसम्मान केवल चर्चमा मात्र नभएर हामीहरूको दैनिक जीवनमा पनि आभास् पाइरहनुपर्छ। हामीहरूको दैनिक जीवनमा परमेश्वरको उपस्थितिको आभास् किन पाइरहनुपर्छ भने हामीहरूले प्रचार गर्ने र सार्वजनिक स्थलहरूमा प्रार्थना गर्ने भन्दा हामीहरूको रहनसहन, आचरण र बोली वचनले मानिसको अगाडि ठूलो स्वरले हामी को हौं भनेर बताउँछन् (हितोपदेश २८:९,१५:८)।

ज्ञानबुद्धिले सम्पन्न हुनु भनेको के हो भन्दा हामीहरूको जीवनमा जे गर्छौं त्यसमा परमेश्वरलाई प्रथम् स्थान् दिएर जीवनलाई अगाडि बढाउनु हो (हितोपदेश ३:६ रूपान्तरित)। त्यसको अर्थ हामीमा इश्वरीय ज्ञान रहनु हो जसले गर्दा परमेश्वरप्रति आस्थावान भएर चल्न र उहाँका वचन तथा आज्ञाहरूलाई शिरोपर गरेर चल्न सक्षम् बन्न सक्छौं। मानिस भएर अर्थमूलक जीवन जिउनु छ भने सृष्टिको परमेश्वरको निम्ति बाँच्नको विकल्प छैन भनेर परमेश्वरको आत्मज्ञान वा सही बुद्धिले हामीलाई घचघचाइ रहन दिनु हो।

यस पतित संसारमा हामी मानिसहरूका छलकपटको माझमा जिइरहेका छौं। दैनिक जीवन परिचालन गर्न र शुद्ध तथा सुरक्षित आचरणको जीवन बिताउन हामीलाई ज्ञानबुद्धि वा अर्तीको आवश्यक छ। त्यो आवश्यकता हितोपदेशको पुस्तकले परिपूर्ति गर्छ। दैनिक जीवनमा सामना गर्नुपर्ने विभिन्न

चुनौतीहरूलाई हितोपदेशले जवाफ दिन्छ, जस्तैः मेरा बालबालिकाहरूलाई के र कसरी उचित मार्गमा हिँड्न सिकाउने? म कसरी संतुष्ट, सफल र खुशी हुने? मसँग पैसाको समस्या जहिले पनि किन हुन्छ? मेरो काममा म कसरी प्रमोशन वा माथि उक्लने? कतिपय समाज तथा संस्कारले अनुमोदन गरेतापनि मेरो दिमागमा नाचिरहने यौन तथा अशुद्ध बिचारहरूबाट कसरी राहत पाउने? मेरो रिस वा जिब्रोलाई कसरी सम्हाल्ने? आदि।

अन्तमा उचित ज्ञानबुद्धि हुनु र धेरै चलाख हुनुमा फरक छ। साँच्चिकै भनौं भने कोही चलाख, जान्ने वा आफू अरूभन्दा चल्तापूर्जा वा सफल छु भन्ने मानिसले मूर्खताको खेलमा पर्ने खतरा हुन्छ। किनभने कोही मानिस जतिसुकै ज्ञानी वा बुद्धिमानी छु भनेर हुँकार गरेतापनि त्यो मानिस अल्पज्ञानको खानी नै भएर जिइरहेको हुन्छ। कतिपय मानिसहरू धेरै पढेर वा परेर आफू चलाख बन्न पुगेको छु वा सबै कुरा थाहा छ भनेर "तिमीले मलाई सिकाउने?" भनेर अरूलाई होच्याउँदै आफूलाई धेरै जान्ने दर्जामा त राख्ला। तर परमेश्वरबाट आइरहने ज्ञानबुद्धि वा अगुवाइको आवश्यक छ भने मानिस नम्र हुनै पर्छ। आफूमा आवश्यकता भएको महशूस गर्नै पर्छ र ज्ञानबुद्धिको निम्ति प्रार्थना गरिनैरहनुपर्छ।

हितोपदेश ज्ञानको खानी हो। यो खानी गहिरो छ। धेरै धेरै विषयवस्तुहरूमा यसले छलफल गर्दछ। यस पुस्तकमा हितोपदेशमा उल्लेखित सबै विषयवस्तुहरूलाई केलाउन स्थानको अभावले गर्दा सम्भव छैन। त्यसकारण यसमा भएका सबै विषयवस्तुहरूलाई अगाडि ल्याएर छलफल गर्नुभन्दा बरू हामीलाई अत्यन्त आवश्यक केही मूल विषयहरूलाई होशियारसाथ चुनेर छलफल गर्नेछौं। हो, हितोपदेशमा भएका सम्पूर्ण विषयवस्तुहरूलाई समेट्न नसकेतापनि जे सक्छौं ती प्रार्थनापूर्वक अध्ययन गर्न हाम्रो हित हुनेछ भनेर यस लेखक कामना गर्दछ।

*जाक बी. डोउखान हिब्रू र पुरानो करारको अध्यापन हुनुहुन्छ। उहाँले बाइबललाई कसरी व्याख्या गर्ने भन्ने विषयमा सिकाउनुहुन्छ। आन्ड्र्यु युनिभर्सिटीमा रहेको यहूदी र इसाईहरूको अध्ययन गर्ने संस्थाको अध्यक्ष पनि हुनुहुन्छ। त्यो संस्था आन्ड्रयु विश्वविद्यालयको सेभेन्थ-एडभेन्टिस्ट थियोलोजिकल सेमिनारीमा छ। उहाँ अल्जेरियामा जन्मनुभएको फ्रेन्च नागरिक हुन्। स्ट्रासबर्ग विश्वविद्यालयमा उहाँले हिब्रू भाषमा विद्यारबी (पिएचडी) गर्नुभएको थियो। साथै आन्ड्र्यु बिश्वविद्यालयमा पनि उहाँले थियोलोजमा विद्यारबी गर्नुभएको थियो।*

# विषयसूची


| अध्याय | पृष्ठ |
|---|---|
| १. "बुद्धिको आह्वान | १ |
| २. कानदेखि पाउसम्म | १६ |
| ३. जीवन र मृत्युको मामिला | ३१ |
| ४. ईश्वरीय बुद्धि | ४४ |
| ५. धर्मात्मा हुँदा पाइने आशिषहरू | ५९ |
| ६. देख्ने कुराहरू पाउनुपर्छ भन्ने छैन | ७४ |
| ७. झगडाको मामिलामा के गर्ने? | ८९ |
| ८. बुद्धिका वचनहरू | १०३ |
| ९.सत्यका वचनहरू | ११६ |
| १०. मुकुन्दो पछाडि | १३१ |
| ११. परमेश्वरमाथि आस्थामा जिउनु | १४३ |
| १२. बुद्धिमानी मानिसहरू नम्र हुन्छन् | १५६ |
| १३. नारी र मद्यपान | १६९ |

# अस्थाई पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन चैत्र १३ २०७१ (मार्च २७ २०१५)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | पौष १२-१८ (डिसेम्बर २७-जनवरी २) |
| २ | अध्याय २ | पौष १९-२५( जनवरी ३-९) |
| ३ | अध्याय ३ | पौष २६-माघ २ (जनवरी १०-१६) |
| ४ | अध्याय ४ | माघ ३-९ (जनवरी १७-२३) |
| ५ | अध्याय ५ | माघ १०-१६ (जनवरी २४-३०) |
| ६ | अध्याय ६ | माघ १७-२३(जनवरी ३१-फेब्रुअरी ६) |
| ७ | अध्याय ७ | माघ २४-फागुन १(फेब्रुअरी ७-१३) |
| ८ | अध्याय ८ | फागुन २-८ (फेब्रुअरी १४-२०) |
| ९ | अध्याय ९ | फागुन ९-१५(फेब्रुअरी २१-२७) |
| १० | अध्याय १० | फागुन १६-२२(फेब्रुअरी २८-मार्च ६) |
| ११ | अध्याय ११ | फागुन २३-२९(मार्च ७-१३) |
| १२ | अध्याय १२ | फागुन ३०-चैत्र ६(मार्च १४-२०) |
| १३ | अध्याय १३ | चैत्र ७-१३(मार्च २१-२७) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|---|
| १ | पौष १२-१८ (डिसेम्बर २७-जनवरी २ | | | | | | | |
| २ | पौष १९-२५( जनवरी ३-९) | | | | | | | |
| ३ | पौष २६-माघ २ (जनवरी १०-१६) | | | | | | | |
| ४ | माघ ३-९ (जनवरी १७-२३) | | | | | | | |
| ५ | माघ १०-१६ (जनवरी २४-३०) | | | | | | | |
| ६ | माघ १७-२३(जनवरी ३१-फेब्रुअरी ६) | | | | | | | |
| ७ | माघ २४-फागुन १(फेब्रुअरी ७-१३) | | | | | | | |
| ८ | फागुन २-८ (फेब्रुअरी १४-२०) | | | | | | | |
| ९ | फागुन ९-१५(फेब्रुअरी २१-२७) | | | | | | | |
| १० | फागुन १६-२२(फेब्रुअरी २८-मार्च ६) मङ्गसिर | | | | | | | |
| ११ | फागुन २३‐२९(मार्च ७-१३) | | | | | | | |
| १२ | फागुन ३०-चैत्र ६(मार्च १४-२०) | | | | | | | |
| १३ | चैत्र ७-१३(मार्च २१-२७) | | | | | | | |